लुङग्री गाउँपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

बडाचौर, रोल्पा

(५ नं. प्रदेश, नेपाल)

इमेल lungrimun@gmail.com

http://www.lungrimun.gov.np

www.facebook.com/lungrimun


पत्र संख्याः ०७६।७७

चलानी नम्बरः सुचना नं. ११

मितिः २०७७/०३/२८

## सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले परिचय-पत्र नविकरण गराउने सम्बन्धी सुचना

सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ बमोजिमको सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरुले आगामी आर्थिक बर्षमा पनि भत्ता लिन चाहेमा प्रत्येक आर्थिक बर्षको श्रावण मसान्त भित्र नवीकरण गर्नुपर्ने व्यवस्था रहेको हुँदा यस लुङ्ग्री गाउपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ.व २०७८/७९ का लागि मिति २०७७ श्रावण १ गते देखी २०७७ श्रावण ३२ गते सम्ममा सम्बन्धित वडा कार्यालयमा गई नवीकरण गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ । यदि सामाजिक सुरक्षा प्राप्त गर्न लाभग्राहीले श्रावण मसान्त भित्रमा नवीकरण नगरी भत्ता छुट्न गएमा कार्यालय जवाफदेही नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

नवीकरणका लागि आवश्यक कागजातहरु:

१) जेष्ठ नागरिक (अन्य र दलित): सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, एक प्रति फोटो, (बाजे, आमा, बाबु) को नामथर, सम्पर्क नम्बर ।

२) विधवा महिलाः सामाजिक सुरक्षा भत्ताको परिचयपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, एक प्रति फोटो, पतीको मृत्यु दर्ताको प्रतिलिपि, (बाजे, आमा, बाबु) को नामथर, सम्पर्क नम्बर ।

३) एकल महिलाः सामाजिक सुरक्षा भत्ताको परिचयपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, एक प्रति फोटो, (बाजे, आमा, बाबु) को नामथर, सम्पर्क नम्बर ।

४) अपाङ्गताको लागि (आंशिक/पुर्ण): सामाजिक सुरक्षा भत्ताको परिचयपत्रको प्रतिलिपि, अपाङ्ग परिचयपत्रको प्रतिलिपि, नागरिकता वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि, एक प्रति फोटो, आमा/बाबुको नागरिकता वा संरक्षकको नागरिकताको प्रतिलिपि र सम्पर्क नम्बर ।

५) बालपोषण(दलित बालबालिका): सामाजिक सुरक्षा भत्ताको परिचयपत्रको प्रतिलिपि, जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि, एक प्रति फोटो, आमा र बाबुको नागरिकताको प्रतिलिपि, संरक्षकको नागरिकताको प्रतिलिपि र सम्पर्क नम्बर ।

..............................

(रविन्द्रप्रसाद चौधरी)

प्रमुख प्रसाशकीय अधिकृत

रबिन्द्र प्रसाद चौधरी
प्रमुख प्रशासकीय अधिकृत